नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. १६२

मितिः २०८३/०७/१७

श्री बारा जिल्ला अन्तर्गतका स्थानीय तह (सबै)

श्री पर्सा जिल्ला अन्तर्गतका स्थानीय तह (सबै)

विषयः सिर्सिया नदी प्रदुषण न्यूनिकरणमा आवश्यक सहजिकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक लगानी प्रवर्द्धन माशाखाको प.सं.: २०८३/०८४ च.नं. औ.प्र./१०२, मिति २०८३/०७/१७ को पत्र मार्फत बारा, पर्सा जिल्लाको औद्योगिक करिडोर हुदै बहने सिर्सिया नदीमा सर्वसाधारणले स्वच्छ तथा सफा पानीमा छठ पर्वमा पूजाआजा गर्न सक्ने वातावरण निर्माण गर्नको लागि सिर्सिया नदी प्रदुषण न्यूनिकरणमा आवश्यक सहजिकरण गर्ने सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक लगानी प्रवर्द्धन महाशाखा, सिंहदरबार ।

श्री सूचना प्रविधि शाखाः बारा, वर्सा जिल्ला अन्तर्गतका स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/ ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक लगानी प्रवर्द्धन तथा औद्योगिक पूर्वाधार विकाश महाशाखा

Website: https//moics.gov.n
E-mail: info@moics.gov.np
फोन नं. ०१-४२११६९१
सिंहदरबार, काठमाडौं
नेपाल।

वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
२८३२
८।१९

प.सं. :-०८३/८४
च.नं. :- औ.प्र./१०२

मितिः २०८३/०७/१७

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषय : सिर्सिया नदी प्रदुषण न्यूनीकरणमा आवश्यक सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा शुभ दीपावली एवम् छठ पर्व, २०८३ लाई मध्यनजर गर्दै मधेश प्रदेशअन्तर्गत बारा र पर्सा जिल्लाको औद्योगिक करिडोर हुँदै बहने सिर्सिया नदीमा सर्वसाधारणले स्वच्छ तथा सफा पानीमा छठ पर्वमा पूजाआजा गर्न सक्ने वातावरण निर्माण गर्नका निम्ति औद्योगिक तथा अन्य कारणले उत्पन्न प्रदूषण न्यूनीकरण गर्ने तथा नदीको बहाव क्षेत्रलाई अवरोधमुक्त र सरसफाइयुक्त बनाउने उद्देश्यले सिर्सिया नदी विशेष सरसफाइ अभियान सञ्चालन गरिएको व्यहोरा अनुरोध छ।

उक्त अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित सबै पक्षहरुसँग समन्वय भईरहेको जानकारी गराउदै उक्त अभियानलाई सफल बनाउन हेभी इक्विपमेन्टस् समेत परिचालन गर्न आवश्यक रहेकोले जलस्रोत तथा सिँचाइ विभाग अन्तर्गतको यान्त्रिक व्यवस्थापन कार्यालय, बिरगंज, पर्सा र श्री हेभी ईक्वीपमेन्ट डिभिजन, हेटौडा, मकवानपुरबाट हेभी इक्विपमेन्टहरू आवश्यक दक्ष अपरेटर तथा मेकानिक्स र इन्धन (सहित) उपलब्ध गराइदिनुहुन अनुरोध भएकोमा प्राप्त हुने ईक्वीपमेन्टहरु सम्बन्धित स्थानिय तहहरुबाट परिचालन गर्न लगाई नदी सरसफाई गर्ने कार्यमा आवश्यक सहजीकरण गरिदिन हुन निर्णयानुसार अनुरोध छ।

(कृष्ण बहादुर सोडारी)
मेकानिकल इन्जिनियर

बोधार्थः

श्री वीरगन्ज महानगरपालिका, पर्सा।
श्री जितपुर सिमरा उपमहानगरपालिका, बारा।
श्री परवानीपुर गाउँपालिका, बारा।

} आवश्यक सहजीकरणका लागि अनुरोध छ ।

संघीय मामिला महाशाखा
दर्ता नं.: ३६२
मितिः ०८।२